मिति : नेपाल संवत् ११४४ दिला २२ ।

श्री भाषा आयोग, यन्ताबुँ, यें (काठमाडौं) ।

<u>विषय : निर्णय गर्नहुन अनुरोध ।</u>

महोदय,

उपरोक्त सम्बन्धमा मैले नेवाः जाति अन्तर्गतका जुगि समुदायको आवासका सम्बन्धमा भाषिक कोणबाट मिति २०८०/१०/१२ को दर्ता नं. १२४ मा निवेदन दर्ता गराएको छु । नेपाल भाषामा "फल्चा" तथा "सतःछेँ" दुई फरक प्रकृतिको संरचना रहेकाले नेपाल भाषाको सो अवधारणालाई नकारेर, सो भाषिक अवधारणालाई इन्कार गरी नेपाली भाषामा "पाटीपौवा" का रूपले बुझ्दै आएको भाषिक अभ्यासबाट हाम्रो समुदाय उपर भाषिक अन्याय भएको हुँदा यस्तो सांस्कृतिक विशिष्टका (Cultural uniqueness) का विषयमा आदिवासी नेवाः समुदायमा भएको अवधारणालाई अन्यथा हुने गरी उल्था गर्न नहुने भन्ने निवेदनको मूलसार रहेको थियो । तहाँ भाषा आयोगका पदाधिकारीहरू भाषामा विज्ञ भएकाले भाषा सम्बन्धी यस्ता अवधारणाहरूमा जानकार रहने नै भयो । उक्त निवेदन दर्ता गरेको ४ महिना हुन लागेको अवस्थामा तहाँ आयोगबाट मेरो निवेदनमा निर्णय गरिदिनहुन अनुरोध गर्दै यो निवेदन पेश गर्दछु ।

यस साथै मैले मिति २०८०/१०/१२ को दर्ता नं. १२४ मा दर्ता गराएको निवेदनको PDF तथा नेवाः देय् दबू र हलिं नेवाः दबू (विश्व नेवाः संगठन) बाट यस विषयमा भएका पत्राचार पनि संलग्न गरेको छु ।

निवेदक,

नाम थर : रुक्शना कपाली ।
ठेगाना : सिमाक्वय्, पतक्व टोल, ललितपुर महानगरपालिका वडा नं १६,
ललितपुर जिल्ला, बागमती प्रदेश ।
ईमेल : rukshanakapali1142@gmail.com ।
सम्पर्क : ९८०८२६२६९९ ।